प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

बागमती प्रदेश
(रामेछाप र दोलखा)

मन्थली, रामेछाप

प.सं. ०७८।०७९
च.नं. 61

मिति: २०७८/०४/३१

विषयः सूचना प्रवाह सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)
रामेछाप र दोलखा जिल्ला ।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, रामेछापको आ.व २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको पुराना तथा नयाँ नर्सरी स्थापना तथा सुद्बिणीकरण कार्यक्रम सम्बन्धि प्रस्ताव अह्वानको सूचना यसै पत्रका साथ पठाइएको व्यहोरा अनुरोध गर्दै तहाँ कार्यालय र मातहातका वडा कार्यालयहरुमा सूचना टाँस गरी जानकारी पठाइदिनुहुन अनुरोध छ।

निर्मला गुरुङ
प्रमुख

फोन नं.: ०४८-५४००६३/ ०४८-५४०३०८
ईमेल: akc.ramechhap2075@gmail.com

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

बागमती प्रदेश
(रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## पुराना तथा नयाँ नर्सरी स्थापना तथा सुद्विणीकरण कार्यक्रम सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/२८)

कृषि ज्ञान केन्द्र रामेछापको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार " पुराना तथा नयाँ नर्सरी स्थापना तथा सुद्विणीकरण कार्यक्रम " संचालनका गर्न रामेछाप र दोलखा जिल्लाका कृषक समूह, सहकारी, निजी कृषि फर्मले यो सूचना प्रकाशित भएको ३० दिनभित्र (मिति २०७८/०५/२५) कार्यालय समयमा कृषि ज्ञान केन्द्र, रामेछाप र सम्पर्क कार्यालय दोलखामा देहाय बमोजिमका कागजात सहित निवेदन साथ् प्रस्ताव दर्ता गर्नुहुन यो सूचना आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु कार्यक्रममा सहभागी नगराइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

पेश गर्नुपर्ने कागजातहरु:

१. प्रस्ताव फारम सहितको निवेदन र रु.१० को टिकट टाँस गरेको प्रस्ताव फारम सहितको निवेदन।

२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनिको दर्ता प्रमाणपत्र, नविकरण, कर चुक्ता, प्यान, संस्थाको निर्णयको प्रतिलिपि।

३. कृषि सहकारी/कृषि समूह/फर्म/कम्पनिको आधाकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि

४. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

५. पुरानो नर्सरी सुद्विणीकरणको हकमा सम्पूर्ण नर्सरी देखिने फोटो-१ प्रति

५. स्थानीय तहको कार्यक्रम संचालन गर्न उपयुक्त भएको सिफारिस पत्र

निर्मला गुरुङ
प्रमुख

नोटः
यस कार्यक्रमको लागि अधिकतम अनुदान रु. २ लाख हुनेछ। थप जानकारीका लागि यस केन्द्र र सम्पर्क कार्यालयको फोन नं ०४८-५४०३०८ मा साथै कृषि ज्ञान केन्द्र, रामेछापको वेबसाइट https://ramechhap.akc.gov.np र फेसबुक पेज www.facebook.com/akcramechhap2076 बाट पनि सूचना तथा आवेदन फारम लिन सक्नुहुनेछ।